# अर्थ ( आय ) विभागको सूचना

## ट्र्याक्टरको महसूल

ट्र्याक्टरको महसूल लिनेबारेको टिप्पणी ०६ फाल्गुन १६ गते २ मा श्री ५ महाराजाधिराज र मौसूफका परामर्श-दातृसभामा पेश हुँदा उक्त विषय खरीद गरी वा भाडामा ल्याए पनि मालका मोलको सयकडा १ एकका दरले महसूल लिने निर्णय भए-बमोजिम गर्नू भन्ने श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ भनी २००६ चैत्र ४ गते ३ मा मौसूफका सेक्रेटरी आफिसबाट लेखी आएको हुनाले सूचित गरिएको छ, सोबमोजिम गर्नु गराउनुहोला ।

रामप्रसाद जोशी, असिस्टेन्ट सेक्रेटरी—
अर्थ (आय) विभाग.

# अर्थ(आय) विभागको सूचना

## समुद्रपार निकासी हुने मालको महसूल

०६ साल फाल्गुन २८ गतेको श्री ५ महाराजाधिराजका परामर्श—दाता-हरूको बैठकबाट भारत सरकारको निकासी महसूल नलाग्ने गरी नेपालबाट भारत—पारका मुलुकहरूमा निकासी हुने मालहरूमा भारत सरकारको निकासी महसूलसरह नेपालले पनि निकासी महसूल लिने निर्णय गरेबमोजिम गर्नू भन्ने श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेको छ भनी ०६ चैत्र ४ गते मौसूफका सेक्रेटरी आफिसबाट लेखी आएको हुनाले सोबमोजिम गर्नु गराउनुहोला ।

रामप्रसाद जोशी, असिस्टेन्ट सेक्रेटरी—
अर्थ (आय) विभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।